आज मिति २०७१ पौष १८ गते बेलुकी ६:०० बजे यस दशरथचन्द नगरपालिकाको आठौ नगर परिषदकोको वन्द शत्र बैठक  नगर प्रमुख एवं कार्यकारी अधिकृत श्री अर्जुन सिह कार्की ज्यूको अध्य ातामा बस्यो । जस्मा देहायको उपस्थितीमा निम्नानुसारका निर्णय पारित गरिए।

उपस्थिती

प्रमुख एवं कार्यकारी अधिकृत श्री अर्जुन सिह कार्की

**आमन्त्रीत**

आ.प्र.शाखा प्रमुख श्री पूर्ण देव भट्ट

सा.वि.शा. प्रमुख  श्री विनोद बहादुर चन्द

प्रशासन शाखा प्रमुखश्री राज बहादुर विष्ट

राजस्व शाखा प्रमुख श्री किर्ति बहादुर कुवंर

योजना तथा प्राविधिक शाखा श्री चन्द्र नाराण प्रशाद

योजना तथा प्राविधिक शाखा श्री भुपेन्द्रराम टमटा

योजना तथा प्राविधिक शाखा श्री चक्र देव बोकटी

जिन्सी प्रमुख श्री डम्बर सिह थापा

घरनक्सा  ईकाइ श्री अमिन महादेव भट्ट

## निर्णय नं. १

दशरथचन्द नगरपालिकाको आ.व. ०७२/७३ को निम्नानुसारको वार्षिक नीति तथा कार्यक्रम पारित गरियो ।

**आ.व.०७२/७३ का नितिहरु :-**

यस नगरपालिकाको आवधिक योजना तथा  ोत्रगत गुरु योजना आ.व. ०६७६८ मा सुरु भई निर्माणको अन्तिम चरणमा रहेको  यहोरा अवगत गराउदछु। आवधिक एवं  ोत्रगत गुरुयोजना निर्माण भई नसकेको अवस्थामा कुन कार्यक्रमलाई कति प्राथमिकता दिने भन्ने यकिन नभएता पनि नगरको भौतिक पूर्वाधारको अवस्था र सामाजिक न्यायलाई विशेष जोड दिइनेछ । त्यस्तै स्थानीय स्वायत्त शासन ऐनका उद्देश्य, नीति र सिद्धान्तहरुले दिएका मार्गदर्शन, नेपाल सरकारले अख्तियार गरेका नीति

तथा कार्यक्रमको उद्धेश्यलाई केन्द्र विन्दुमा राखी नगरवासीद्धारा छनौट गरिएका योजनाहरु, विभिन्न राजनैतिक दलका सुझावहरु र उपलब्ध श्रोत साधनको समुचित परिचालन गर्न सक्ने सम्भावनाहरुको आधारमा नगरको समग्र ोत्रको सन्तुलित विकासका लागी आ.व. ०७२/७३ का लागि निम्न नीतिहरु अबलम्बन गरिने छन् ।

## क) आर्थीक, सामाजिक एवं भौतिक पूर्वाधार विकास

१) न.पा. ोत्र भित्र सरकारी एवं गैर सरकारी निकायहरुले सञ्चालन गर्ने पूर्वाधार विकासका योजनाहरुमा लागत सहभागिता तथा समन्वकारीताको आधारमा आवश्यक सहयोग गरिनेछ ।
२) न.पा. ोत्र भित्र सरकारी एवं गैर सरकारी निकायहरुले सञ्चालन गर्ने पूर्वाधार विकासका योजनाहरुका लागी समपुरक कोषको यवस्था गरीनेछ । तर बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भई सकेपछि प्रस्तावित योजनामा समपुरक कोष बाट रकम लगानी गर्न नगरपालीका बाध्य हुनेछैन ।
३) नगरपालिका भित्र जोड्ने विभिन्न कृषी सडक एवं घोरेटो बाटाहरुको स्तरोन्नती तथा विस्तार गरिने छ । कृषी सडक निर्माणको सन्दर्भमा सडकसंग सम्बन्धीत विवाद सुल्झाइ निर्माण कार्य अगाडी बढाइने छ । सडक संजाल नपुगेका ोत्रमा कृषी सडक र पि.सि.सि. घोरेटो बाटो निर्माणको लागि अन्य निकायमा समेत पहल गरिने छ ।
(४) न.पा. ले सञ्चालन गरेका बिभिन्न योजनाहरु पुननिर्माण तथा मर्मत सुधार गरिनेछ ।
(५) नगरको खानेपानी समस्यालाई समाधान गर्न सन्चालन हुने बृहत खानेपानी योजनाको सन्दर्भमा अन्य निकायमा समेत आवश्यक पहल गरिनेछ ।
(६) स्थानीय विकास मन्त्रालय, जगेडा कोषबाट लागत सहभागिताको आधारमा गत आ.ब. मा संचालन भएका विभिन्न योजनाहरुको निर्माण कार्य पूरा गरिने छ साथै थप नयाँ योजनाहरु प्रस्ताव गरिने छ ।
७) कृषी उत्पादन बढाउन सिंचाइ सुविधाको उचित यवस्था गर्न तर्फ आवश्यक पहल गरिने छ ।
८) नगरपालिका ोत्र भित्र भु ाय र नदि कटान नियन्त्रण गर्न आवश्यक पहल गरिने छ ।
९) कृषि ोत्रको विकास, घरेलु तथा कुटिर उद्योग स्थापना र विकासको लागि आवश्यक पहल गरिने छ ।
१०) बसपार्क को स्तरोन्नति गर्न आवश्यक यवस्था मिलाईने छ ।
११) दशरथचन्द संग्रहालयको पुन:निर्माण एवं यवस्थित गर्ने तर्फ आवश्यक पहल गरिनेछ ।
१२) नगर ोत्र भित्रका शैा िक संस्थाहरुमा शैा िक पूर्वाधार विकासका कार्यक्रम संचालनको लागि उच्च प्राथमिकता दिइनेछ ।
१३) फोहरमैला यवस्थापनका लागि डम्पीगं साइड निर्माण गर्न जग्गा पहिचानगरि जग्गा खरिदका लागि पहल गरिनेछ साथै फोहरमैला यवस्थापन र ढल निकासका लागि आवश्यक पहल गरिने छ ।
१४) नगर ोत्रको बन संर ाणको लागि आवश्यक पहल गरिने छ । साथै सामुदायिक वनहरुमा जडिवुटि एवं औषधिमूलक वृ ाका बिरुवा वृ ाारोपण गर्न तर्फ आवश्यक पहल गरिनेछ ।
१५) वातावरण संर ाण लाई आयोजनाको अंग वनाई वातावरणिय ाति कम हुनेगरी आयोजना संचालन गरिने प्रकृया अगाडि बढाईने छ ।

## ख) प्रबर्द्धनात्मक ोत्र

१) नगर ोत्र भित्र संचालन हुने सा ारता कार्यक्रम सफल पार्न अनुगमन गरिने छ ।
२) नगरवासीलाई एच.आइ.भि. एड्स, तथा अन्य संक्रमित रोगहरु र विविध स्वास्थ्य शि ाा सम्वन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्न विभिन्न सरकारी एवं गैर सरकारी संस्थाहरुसंग सहकार्य गरि काम गरिनेछ ।
३) खेलकुद विकासका लागि आवश्यक सहयोग गर्न खेलकुद विकास कोष लाई निरन्तरता दिइने छ । साथै खेलकुद ोत्रको पूर्वाधार विकासका लागि अन्य निकायहरुसंग आवश्यक पहल गरिनेछ ।
४) नगरको सरसफाई एवं सौन्दर्यताका लागि गैर सरकारी संस्थाहरु संग साझेदारिका लागि पहल गरिने छ ।
५) नगरपालिका ोत्र भित्र प्राथमिकताको आधारमा (दलित एवं पिछडिएको वस्तीमा प्राथमिकता दिइ सार्वजनिक शौचालय एवं स्वास्थ्य तथा सरसफाइका कार्यक्रमलाई निरन्तरता दिइने छ ।
६) श्रोत र साधनले भ्याए सम्म फोहरको उचित यवस्थापन गरिने छ ।
७)नगरपालिका ोत्र भित्रका सानातिना खानेपानि समस्यालाई हलगर्न खानेपानी योजनाको संचालन र पुराना योजनाहरुको मर्मत सम्भार गरिने छ ।
८) अगामी ५ वर्ष भित्र यस नगरपालिकाकालाई बालमैत्री बनाउन आवश्यक पहल गरिनेछ।
९) न.पा. ोत्र भित्र रहेका पिछडिएका वस्तीहरुलाई क्रमश खुल्ला दिशा मुक्त ोत्र घोषणा गर्ने गरि सरसफाई कार्यक्रम अगाडि वढाइने छ । खुल्ला दिशा मुक्त घोषणा गरेका वार्डहरुलाई थप अनुदानको यवस्था मिलाइने छ ।
१०) न.पा. ोत्र भित्रका समुदाय र वस्तीहरु बाट माग भई आएका विभिन्नन सानातिना भौतिक पूर्वाधारका योजनाहरुको आवश्यकता पहिचान गरि निर्माण गर्न प्राथमिकता दिइनेछ ।
११) नगर ोत्र भित्रका उप स्वास्थ्य चौकि तथा शहरी स्वास्थ्य किल्नीक लाई वर्थिङ सेन्टर सन्चालन गर्न जिल्ला स्वास्थ्य कार्यालय मार्फत पहल गरिने छ। साथै नगर ोत्र भित्रका उप स्वास्थ्य चौकि रहका भौतिक संरचनाहरुको मर्मत संभार गर्दै लगिनेछ ।

## ग) लर्ा ात वर्ग सहयोग कार्यक्रम

१) जेष्ठ नागरिक, वालबालिका, महिला, अपाङ्ग, उत्पिडित, उपेर्ा ात, जनजाती, दलित, मुक्त हलिया, सुकुम्बासी र मजदूर, सामाजिक रुपमा बंचितिकरण गरिएको समुदायको हक हितका लागी सरोकारवालाहरुलाई आवश्यक सहयोग र सहकार्य गरीने छ । साथै नेपाल सरकारको निति अनुरुप कार्यक्रम संचालन गर्न प्राथमिकता दिइनेछ ।
२) लर्ा ात समुदायका लागि कार्यान्वयन गरिने योजनामा माग बमोजिम योजना छनौट गरि लर्ा ात समुदायलाई नै कार्यान्वयनको जिम्मा दिइने छ । साथै उक्त वर्ग केन्द्रित कार्यक्रमको लागि जनसहभागिताको हिस्सा कम गरिने छ ।
३)सामाजिक सुर ाा कार्यक्रम अन्तरगत दिइने सहयोगलाई प्रभावकारी रुपले वितरण गरिनेछ ।
४) हरेक किसिमका सामाजिक विभेदको अन्त्यका लागि नगरपालिकाको ऐक्यवद्धता रहनेछ । साथै यस्ता कार्यक्रम संचालन गर्ने निकायहरुलाई नगरपालिकाबाट आवश्यक सहयोग गरिने छ ।

## घ) श्रोत परिचालन

१) एकिकृत सम्पति करका सन्दर्भमा सवै सरोकारवालाहरु संग परामर्श एवं अन्तरक्रिया गरी यसलाई यवस्थित गर्न तर्फ आवश्यक पहल गरिनेछ ।

२) नगरपालिकामा नगरस्तरिय राजस्व परामर्श समितिले दिएको सुझावको आधारमा करका दरमा थपघट गरी कार्यान्वयन गरिने छ । साथै करका नय‘‘ा सम्भावनाको खोजी र पहिचान गरिनेछ ।

३) संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त हुने अनुदानलाई बढाउन पहल गरिने छ साथै स्थानीय निकायहरुमा काम गर्ने युनिसेफ , UNDP, GTZ, नगर विकास कोष, सडक बोर्ड नेपाल जस्ता संस्थाहरु र बैतडी जिल्लामा स्थानीय निकायमा काम गर्ने , सरकारी गैर सरकारी निकायहरु संग सहकार्यको लागि पहल गरिनेछ

**ङ) <u>सुशासन एवं दिगो विकास</u>**

१) योजना संचालन गर्दा दिर्घकालिन, उत्पादनशिल तथा धेरै नगरवासीहरु लाभान्वित हुने खालका स्थानीयस्तर, वडास्तरबाट प्राप्त हुने योजनालाई प्राथमिकता दिइ Need Base को आधारमा सबै वडाहरुको समानुपातिक विकासलाई समेत ध्यानमा राखी योजना तर्जुमा प्रक्रिया अगाडि बढाईने छ ।

२) आयोजना कार्यान्वयनमा परिणाम गुणस्तर र लागत समेतलाई ध्यानमा राखी समय भित्र सम्पन्न गर्ने नीति लिईने छ ।

३) आयोजना कार्यान्वयन गर्दा आवधिक नगर विकास योजना तथा गरीबि निवारण रणनीति पत्रलाई आधार मानी कार्यक्रमलाई संचालनमा ल्याईने छ ।

४) योजना कार्यान्वयनमा पारदर्शीता ल्याउन सार्वजनिक लेखा परि ाण गर्ने पद्दतीलाई आवश्यक सुधार गरि कार्यान्वयन गरिने छ । रु. ५ लाख भन्दा कम लागतको योजनाको ल.इ. नेपाली भाषामा गरिने छ ।

५)योजना संचालनको सन्दर्भमा उपभोक्ता समितिलाई आवश्यक तालिमको यवस्था गरिने छ । साथै योजनाको उत्तरदायित्व र जिम्मेवारी वहन गराउन जोड दिइने छ ।

६) नगरपालिकाबाट प्रवाह हुने सेवालाई छिटो छरीतो र जनउत्तरदायी बनाउने प्रयास गरिने छ ।

७) स्थानीय विकास मन्त्रालयले लागु गरेको नगरपालिकाको न्यूनतम शर्त र कार्य सम्पादन मापन ( :ऋएः) अनुसार पूरा गर्नु पर्ने न्यूनतम शर्त र कार्य सम्पादन पूरा गर्ने तर्फ ध्यान दिदै सो को आधारमा कार्यक्रम तय गरि कार्यान्वयन गरिने छ ।

८) नगर ेत्रमा थप टोल विकास समिति गठन गरिने छ । टोल विकास समित गठन भएको ठाउंमा संचालन हुने योजना सोहि समिति मार्फत कार्यान्वयन गराउने यवस्था गरिने छ साथै नगर ेत्र भित्रका टोल विकास संस्थाहरुको संस्थागत विकास तर्फ ध्यान दिइने छ ।

९)नगरपालिकामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनको आधारमा दण्ड र पुरस्कृत गर्ने परिपाटिको थालनि गरिने छ ।

१०)आयोजनाहरुलाई पारदर्शि ढंगले कार्यान्वयनमा ल्याउनका लागि रु १ लाख भन्दा माथिका आयोजनाहरुमा होर्डिगंवोर्ड राख्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

११) न.पा. को आय यय विवरण मासिक रुपमा सार्वजनिक गरिनेछ ।

१२) आर्थिक सहायता प्रणालीमा आवश्यक सुधार ल्याइने छ ।

## च) <u>मानव संसाधन र संस्थागत सुधार</u>

१) नगरपालिकाको आन्तरिक  ामता विकास योजना तर्जुमा गरि लागु गरिने छ ।

२)कर्मचारीको वृत्ति विकासको लागि तालिम, स्थलगत अध्ययन भ्रमण जस्ता अवसरहरु उपलब्ध गराइने छ ।

३) कार्यालयको लागि आवश्यक भौतिक पूर्वाधार र मेशिनेरी सामग्रीको  यवस्थापन गरिने छ ।

४) कार्यक्रम अनुसारका बिभिन्न विनियम, कार्यविधि, निर्देशिका तय गरि लागु गरिने छ । सेवा प्रवाहलाई छिटो छरितो र  यवस्थित गर्न Computerised Software प्रयोग गरिने छ ।

५) नगरपालिकाको आवधिक योजना र  ेत्रगत गुरुयोजना तयार गर्न आवश्यक पहल गरिने छ ।

६) न.पा. को प्राविधिक द ातालाई बृद्धि गर्न आवश्यक पहल गरिने छ ।

## छ) <u>विविध</u>

१) कम लगानी, बढी प्रतिफल र छोटो समयमा अधिकतम जनसहभागीता जुटने खालका योजनालाई प्राथमिकता दिइनेछ ।

२)नगरपालिकाले सञ्चालन तथा कार्यान्वयन गर्ने हरेक योजनाहरुलाई प्रभावकारी र गुणस्तरीय बनाउन अनुगमन पद्धतीमा सुधार गरिनेछ ।

३) राम्रो काम गर्ने उपभोक्ता समिती एवं सरोकारवालालाई पुरस्कारको  यवस्था गरिनेछ ।

४) नगरपालिका  ेत्र भित्र विशेष महत्व राख्ने मौलिक भाषा साहित्य एवं संस्कृतिको संर ाण गर्दै पर्यटकिय, ऐतिहासिक, धार्मिक एवं पुरातात्विक महत्वका सम्पदाहरुको संर ाण र सम्बर्द्धन गर्दै लगिनेछ ।

५) प्राकृतिक प्रकोप  यवस्थापन कार्यक्रम तय गरिने छ ।

६) नगरपालिका  ेत्र भित्र रहेका ऐलानी पर्ति जग्गाको संर ाण गर्दै लगिने छ ।

७) कार्यक्रममा दोहोरोपना हुन नदिन नगर  ेत्र भित्र सरकारी एवं गैर सरकारी संस्थाहरुले संचालन गर्ने कार्यक्रमको जानकारी अनिवार्य रुपमा माग गरि त्यस्ता कार्यक्रम सहकार्य र समन्वयको आधारमा लागु गरिने छ ।

८)मानव अधिकार र पत्रकारिता  ेत्रमा काम गर्ने निकायसंग समन्वय र सहकार्य गरि यस्ता सवालहरुको विकासमा ध्यान दिइने छ ।

९)गुणस्तरिय खाद्यान्न उपलब्ध गराउन आवश्यक पहल गरिने छ ।

१०)नगर  ेत्रमा बेरोजगारी समस्या कम गर्न घरेलु तथा कुटिर उद्योगलाई प्राथमिकता दिइ कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिने छ ।

११) समाज कल्याण परिषद संग आवद्ध भएका, पान दर्ता भएका तथा संस्थाको बजेट तथा कार्यक्रम नगरपरिषद बाट स्वीकृत गरेका गै.स.स. हरु बाहेकका संस्थाहरु संग साझेदारी, सहकार्य गर्न न.पा. वाध्यहुने छैन ।

१२) संघ संस्थाहरुका भवन निर्माण कार्यक्रम छनौट गर्दा भवन निर्माण गरिने जग्गा सम्वन्धित संस्थाका नाममा दर्ता भएको हुन पर्नेछ ।

**यस बर्ष लिईएका थप नीतिहरु**

१) विगत केहि वर्षहरुमा नगरपालिकाको केही वार्डहरुमा मात्र बजेट र श्रोत संचालन हुने तथा केही वार्डहरुमा नगरपालिकाको उपस्थिति न्यून देखिने अवस्था देखिएकोले यसै बर्ष देखि नगरपालिकाको श्रोत र साधनलाई समानुपातिक तरिकाले विनियोजन गर्ने यवस्था मिलाईने छ ।

२) ५ वर्ष भित्र नगरपालिकालाई बालमैत्री बनाउन युनीसेफ नेपालको साझेदारीमा बालबालिका लति ात कार्यक्रमहरुलाई विशेष जोड दिईनेछ।

३) कर्मचारी तथा पदाधिकारीहरुको आचार सहिता निमार्ण गरी लागु गरिनेछ।

४) चालु आव.व.को चैत्र मसान्त सम्म यस नगरपालिकालाई खुल्ला दिशा मुक्त बनाउन आवश्यक पहल गरिनेछ।

५) यस नगरपालिकाको आवद्यिक योजनको समय समाप्त भएकाले ५ वर्षे आवधिक योजना निमार्ण गर्न संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, LGCDP/शहरी तथा भवन निमार्ण विभाग / युनीसेफ लगायत दातृ संस्थाहरुको सहयोगमा निमार्ण गर्न आवश्यक पहल गरिने छ।

६) उपभोक्ता समिति बाट गरीने कामलाई बढि गुणस्तरीय र पारदर्शी बनाउनका लागि उपभोक्ता समितिले गर्ने कामको जनसहभागिता बाफतको रकम नगदै नगरपालिकाको खातामा जम्मा गरेपछि मात्र योजनाको सम्झौता गर्ने यवस्था गरिनेछ । समयमा काम सम्पन्न नगर्ने र कुल बजेटको १० प्रतिशत भन्दा बढि रकम फ्रिज गर्ने उपभोक्ता समितिका अध्य ालाई नगरपालिका बाट संचालन गरिने आगामी योजना तथा कार्यक्रमहरुमा सहभागि हुन नपाउने गरि कालो सूचीमा राख्ने यवस्था गरिनेछ ।

७) उपभोक्ता समितिले विनियोजित वजेट र ईस्टीमेटको परिधिभित्र रहेर मात्र काम काज गर्ने यवस्था मिलाईनेछ । यसै बर्ष देखि विनियोजित बजेट र ईस्टिमेट भन्दा बढि थप काम गरेको भनि थप रकम माग गर्ने प्रचलनलाई निरुत्साहीत गर्दै थप काम गरेको रकम जनसहभागीतामा समावेश गरिने यवस्था मिलाईने छ ।

८) यसै बर्ष देखि जुन आ.ब. का लागी बजेट यवस्था गरिएको हो सोही आ.ब. मा योजना तथा कार्यक्रम सम्पन्न गर्नुपर्ने यवस्था मिलाईने छ । समयमा काम सम्पन्न नगरि रकम दावि गर्ने उपभोक्ता समिति लाई कार्यालय बाट रकम भुक्तानी गरिने छैन ।

९) विगत समय देखि भुक्तानी दिन वाकी रकम देखाउदै आ.ब. को अन्तमा जिम्मेवारी सार्दै आउने प्रचलन लाई निरुत्साहीत गरि जे जति श्रोत र साधन हुन्छ सोही श्रोत र साधन बाट मात्र योजना संचालन गर्ने यवस्था मिलाईने छ । यसै बर्ष देखि भुक्तानी दिन बाकी देखाई जिम्मेवारी सारिने छैन ।

१०) योजनाहरुको स्तर तथा ईस्टिमेट अनुसार कार्य पुरा भए नभएको सम्वन्धमा रु ५ लाख भन्दा माथीको योजनाहरु संयन्त्रको अनुगमन गराएर मात्र अन्तिम किस्ता भुक्तानी गर्ने यवस्था मिलाईने छ ।

११) नगर ेत्रको खेलकुदको विकास गर्नको लागी यसै वर्ष देखि वार्ड स्तरीय नगर खेलकुद प्रतियोगिताको सुरुवात गर्ने यवस्था मिलाईने छ ।

१२) नगरपालिकाबाट सन्चालन गरिएका कार्यक्रमहरुको प्रगती विवरण चौमासिकरुपमा सार्वजानि सुनवाईको कार्यक्रम राखी सार्वजानिक गर्ने निति अबलम्बन गरिने छ।

१३) नगरपालिका ेत्र भित्र रहेका खाद्य पसल/ मासु पसहलहरुको सम्बन्धित निकाय संग समुन्वय गरी अनुगमन र नियमन गर्ने कार्यको थालनी गरिनेछ।

१४)  नगरपालिकामा रहेको कर्मचारी दरवन्दी अनुसारको कर्मचारी कार्य विवरण परिमार्जन गरी सबै कर्मचारीलाई उपलब्ध गराईने छ।

१५)  नगरपालिकालाई वातावरण मैत्री बनाउन संघ संस्थाहरुको सहयोग लिई जनचेतनामुलक कार्यक्रमहरु सन्चालन गर्ने  यवस्था मिलाईने छ ।

१६)  आगामी आ.ब. ०७२।७३ देखी जगेडा कोषको योजना नगरपालिकाको दिर्घकालीन आय श्रोत हुने खालका योजना छनौट गर्न र कार्यान्वयन गर्ने  यवस्था मिलाईने छ ।

१७)  पर्यटकिय विकासकालागि ईश्वरीगंगा ग्रामिण सडक निमार्णकार्यमा विषेश पहल गरिनेछ।

१८)  सिल्लेक- सेरा ग्रामिण कृषी सडकलाई औद्योगीक पहुच मार्गकाका रुपमा विकास गरिनेछ।

१९  गोठलमपानी कलवाड देखि शाहिलेक सम्मको चक्रपथ सडकलाई विस्तार गरी चमलेकी माडाला त्रितागाउ विनासौ हुदै शाहिलेक सम्म जोडने सडकलाई नगर शहरी योजना अर्न्तरगत चक्रपथ मार्गका रुपमा विकास गरिनेछ।

२०)  यस नगरपालिकाका वा.नं. २, ४, ५,८, ७, ९, १०, १२ र १३ लाई माहुरीपालकोको पोकेट  ेत्र घोषण गरी विषेश कार्यक्रम सन्चालनकालागि जोड दिईनेछ ।

२१)  वा.नं. १ वानं. ३ र वानं. १२ को केही  ेत्रलाई तरकारी उत्पादन पोकेट  ेत्र घोषण गरी विषेश कार्यक्रम सन्चालनकालागि जोड दिईनेछ ।

२२  )वा.नं. ११, वान.२, र वानं ६ लाई फलफुल उत्पादनको पोकेट  ेत्र घोषण गरी विषेश कार्यक्रम सन्चालनकालागि जोड दिईनेछ ।

२३)  चालु आ.व. भित्र संघियमामिला तथा स्थानीय विकास मन्त्रालय, LGCDP , UNICEF को सहयोग लिई नगरको प्रोफाईल (पार्श्वचित्र ) तयार गरि प्रकाशन गरिनेछ।

## निर्णय नं. २

आठौं नगर परिषदमा पेश गरिएको आ.व. ०७१/७२ का लागि कुल  रु. ६ **करोड ४५ लाख ७७ हजार  ७ सय २१ रुपैयां**को संसोधित बजेट मध्ये चालु खर्च तर्फ रु. **६३ लाख १० हजार** , सामाजिक सुर ाा कार्यक्रम तर्फ **१५ लाख,** स्थानीय शासन सामुदायीक कार्यक्रम ३८ लाख ८६ हजार १ सय  र पूंजीगत खर्च तर्फ रु. **५ करोड २८ लाख ८१ हजार ६ सय २१ रुपैयाको** संसोधित प्रस्तावित बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

आ.व. ०७२।७३ का लागि कुल रु ६ करोड ७० लाख १४ हजार को अनुमानित बजेट मध्ये चालु खर्च तर्फ रु.७१ लाख ५० हजार र सामाजिक सुर ाा कार्यक्रम तर्फ रु.१८ लाख , स्थानीय शासन सामुदायीक कार्यक्रम ४० लाख  , पूजीगत खर्च तर्फ रु. ५ करोड ४० लाख ६४ हजार मात्र अनुमानित बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

अनुसूची १

## आय विवरण

| संकेत नं | आय शिर्षक | ०७०।७१को खूद आय | ०७१।७२को अनूमानित आय | ०७१।७२ को संसाधित प्रस्तावित आय | ०७२।७३को प्रस्तावित आय |
|---|---|---|---|---|---|
| १.१.१ | मालपोत वा एकिकृत सम्पत्तीकर | २८३१४८।०० | ३००००० | ४५००००।०० | ४६००००।०० |
| १.१.३ | बहालकर | ११००५।०० | ७०००।०० | ३००००।०० | ३००००।०० |
| १.१.५ | व्यवसाय/साधनकर | १३०००।०० | ३०,०००।०० | ८००००।०० | ५५०००।०० |
| १.१.९ | विज्ञापनकर | ०।०० | ०।०० | ५००००।०० | ५००००।०० |
| १.१.२.१ | पार्किङ शूल्क | १५३००।०० | ५०,०००।०० | ५००००।०० | ५००००।०० |
| | अन्य सेवा शुल्क | ०।०० | ५५,०००।०० | ५५०००।०० | ५५०००।०० |
| १.३.१ | दर्ता/नविकरण | १२४२७५।०० | ११०००० | २१००००।०० | २१००००।०० |
| १.३.२ | नक्सा पास | १४६१०।०० | ११०००० | ५००००।०० | ६००००।०० |
| १.३.३ | निवेदन तथा सिफारीश | १०७४८७।०० | ६०,०००।०० | १५००००।०० | १६००००।०० |
| १.३.४ | नाता प्रमाणित | ३५५०।०० | ४,०००।०० | १५०००।०० | १५०००।०० |
| १.३.५ | अन्य दस्तुर | ४५६९००।०० | १५०००।०० | ६०००००।०० | ६२५०००।०० |
| १.७.१ | दण्ड जरिवाना | ११०००।०० | ०।०० | ५००००।०० | ५५०००।०० |
| १.७.२ | भाडा | ६२८०१७।०० | ६०००००।०० | ६६००००।०० | ६२५०००।०० |
| १.७.३ | धरोटी जफत | ०।०० | ०।०० | ५००००।०० | ५००००।०० |
| | **जम्मा आन्तरिक श्रोत्र** | **१६६८२९२।००** | **१३४१०००।००** | **२५०००००।००** | **२५०००००।००** |
| १.७.५ | पेश्की फिर्ता | १०७८००।०० | ०।०० | ०।०० | ०।०० |
| १.७.६ | अन्य विविध आय(मौज्दात) | १३०७८०।८० | ०।०० | ५७५७२४६।०० | ०।०० |
| १.७.६ | मालपोतबाटप्राप्तहूने राजस्व | ७४९३५०।०० | ५५००००।०० | ९०००००।०० | १००००००।०० |
| २.१.१.१ | शसर्त अूनदान स्था.वि.शु पूजीगत | ४५०२०००।०० | ४५०२०००।०० | ३५१००००।०० | ४५०२०००।०० |
| २.१.१.१ | शसर्त अूनदान(जगेडा कोष) | १५०८१०००।०० | २०,०००,०००।०० | ३००००००००।०० | ३००००००००।०० |
| २.१.१.१ | कृषी सडक | २५०००००।०० | २५०००००।०० | ०।०० | २५०००००।०० |
| २.१.१.२ | निशर्त अनूदान स्था.वि.शु चालू | ५०४८०००।०० | ५१००००००।०० | ४८१००००।०० | ५५३२०००।०० |
| २.१.१.२ | निशर्त अनूदान नगरपालिका | ८२६००००।०० | ८,२६०,०००।०० | ३००००००।०० | ८२६००००।०० |
| २.१.१.२ | LGCDP कार्यक्रम चालू | ३३५९०००।०० | २१००००००।०० | ३८८६१००।०० | ४००००००।०० |
| २.२.१.१ | जि.वि.स. अनुदान शा.सु.का | १८०३६००।०० | २,१००,०००।०० | १५०००००।०० | १८०००००।०० |
| २.३.१.१ | नगर विकास कोष | ५८९९१८।०० | १,५००,०००।०० | १५०००००।०० | १६०००००।०० |
| २.३.१.१ | जि.स्वा.का. | ३१२०००।०० | ३१५०००।०० | ३१५०००।०० | ३२००००।०० |
| २.३.१.१ | सडक बोर्ड नेपाल अनूदान | ९५५९६४।०० | २००००००।०० | २५०००००।०० | ३००००००।०० |
| | अन्य संघ/सस्थाबाट प्राप्त | ०।०० | ० | ५७४३७५।०० | ६०००००।०० |
| ८.१.२ | लागत सहभागिता | ८४४४७५।०० | १२०००००।०० | १३२५०००।०० | १४०००००।०० |
| | **जम्मा** | ४७५८०४७१।८० | ५२८०९०००।०० | ६४५७७७२१।०० | ६७०१४०००।०० |

अनुसूची १

## व्यय विवरण

| संकेत नं. | खर्च शिर्षक | ०७०।७१को खुद खर्च | ०७१।७२को प्रस्तावित खर्च | ०७१।७२को संसोधित खर्च | ०७२।७३को प्रस्तावित खर्च |
|---|---|---|---|---|---|
| १.०१.१ | तलब कर्मचारी | ४५६२३७०।३६ | ४६०००००।०० | ४६५४०००।०० | ४७५००००।०० |
| १.०१.३ | कर्मचारी कल्याण कोष | १७३०००।०० | १७५०००।०० | १८५०००।०० | ४८५०००।०० |
| १.०२.१ | भत्ता कर्मचारी | ९६८२९७।७८ | १००००००।०० | ९४००००।०० | ९४००००।०० |
| १.०२.३ | बैठक भत्ता | ३४४००।०० | ३००००।०० | ३५०००।०० | ७००००।०० |
| १.०३ | सरुवा भ्रमण खर्च तथा दैनिक भत्ता | ४७४२५।०० | ५००००।०० | १२५०००।०० | २५००००।०० |
| १.०४ | लुगा/पोशाक | १४२५००।०० | १४३०००।०० | १३७५००।०० | १४५०००।०० |
| २.०१ | पानी तथा बिजूली महसूल | ३९३५६।०० | ४५०००।०० | ४००००।०० | ८००००।०० |
| २.०२ | संचार महसूल | ६००००।०० | ७००००।०० | ६००००।०० | ८००००।०० |
| २.०३ | कार्यालय संचालन सम्बन्धी खर्च | १०००००।०० | १२५०००।०० | १०००००।०० | १२५०००।०० |
| २.०५ | मर्मत सम्भार | २५०००।०० | ३००००।०० | २५०००।०० | ५००००।०० |
| २.०६.३ | अन्य ईन्धन | ६४१२।०० | १२०००।०० | ६५००।०० | १००००।०० |
| २.०८.१ | सदस्यता शूल्क | १००००।०० | १००००।०० | १००००।०० | १००००।०० |
| २.०८.२ | आर्थिक सहायता | ०।०० | ५०००।०० | १०००।०० | १००००।०० |
| २.०८.३ | पूरस्कार | ०।०० | ४०००।०० | १०००।०० | ५०००।०० |
| २.०८.४ | नगर परिषद संचालन | ३५०००।०० | ३५०००।०० | ३५०००।०० | ६००००।०० |
| २.०८.५ | विविध खर्च | ५५०००।०० | ५५०००।०० | ५५०००।०० | ८००००।०० |
| **२.०८.५** | अ.नमी तलब भत्ता | ७५०६००।०० | | ४१८६००।०० | ४१८६००।०० |
| ३.०४ | दलित बालबालिका अनुदान सा.शु.कार्यक्रम | १६७९२००।०० | २१०००००।०० | १५०००००।०० | १८०००००।०० |
| ४.०४ | कार्यक्रम खर्च यूनीसेफ | | | ५७४३७५।०० | ६०००००।०० |
| ४.०७ | नगरको सरसफाइ तथा फोहोरमैला व्य. खर्च | ६०३७१८।७५ | ८५०००००।०० | ११७१०००।०० | १५५००००।०० |
| ९.०१ | भैपरी आउने | ३००००।०० | ३५०००।०० | ५००००।०० | ६००००।०० |
| ९.१ | फर्निचर खर्च | ०।०० | ०।०० | ०।०० | ०।०० |
| ६.०५ | सम्पूरकोष म्याचिङफण्ड | | | ४२५००००।०० | ४१४९१४०।०० |
| ६.०५ | सार्वजनिक निर्माण खर्च | २६५८२४४३।५२ | ३८४९४०००।०० | ४६१६७६४६।०० | ४५६८६२६०।०० |
| ६.०५ | नगरविकास कोष अनूदानबाट खर्च | ६९३११४।१९ | १५०००००।०० | १५००००।०० | १६०००००।०० |
| ६.०५ | LGCDP चालु खर्च | ३३५९०००।०० | २१०००००।०० | ३८८६१००।०० | ४००००००।०० |
| | मालपोत का.टान्सफर | ६३९६२।०० | ०।०० | ०।०० | ०।०० |
| | जि.वि.स. फिर्ता | ९८८००।०० | ०।०० | ०।०० | ०।०० |
| | गाउनगर साझेदारीकोष | ३५६५७।२० | ०।०० | ०।०० | ०।०० |
| | धरौटी खातामा टान्सफर | | ०।०० | | ०।०० |
| | **जम्मा** | **४०१५५२५६।८०** | **५१४६८०००।००** | **६४५७७७२१।००** | **६७०१४०००।००** |

**निर्णय नं. ४**

चालू आ. ब. २०७१/७२ को चालुखर्च तर्फको रकम स्थानिय शुल्क वापत रकम रु.४८,१०,०००।०० (अक्षरेपी रु. अठचालिस लाख दश हजार) आन्तरिक श्रोतबाट प्राप्त हुने रु. १५,०००००।०० गरि जम्मा रकम रु.६३,१०,०००।०० (अक्षरेपी रु. त्रिसठी लाख दश हजार मात्र) तपशिल बमोजिम कार्यालय संन्चालन गर्न विनियोजन गरिएको रकम स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल**

**आ.ब. २०७१/७२ को चालु खर्च व्यय विवरण**

| बजेट शिर्षक | विवरण | आ.ब. २०७१/७२ को संसोधित बजेट |
|---|---|---|
| १.०१.१ | तलब कर्मचारी | ४६५४०००।०० |
| १.०१.३ | कर्मचारी कल्याण कोष | १८५०००।०० |
| १.०२.१ | भत्ता कर्मचारी | ९४००००।०० |
| १.०२.३ | बैठक भत्ता | ३५०००।०० |
| १.०३ | दै.भ्र.भत्ता | १२५०००।०० |
| १.०४ | पोसाक लुगा | १३७५००।०० |
| २.०१ | पानी बिजुली महशुल | ४०,०००।०० |
| २.०२ | संचार महशुल | ६०,०००।०० |
| २.०३ | कार्यालय संन्चालन खर्च | १,००,०००।०० |
| २.०५ | मर्मत संम्भार | २५,०००।०० |
| २.०६.३ | अन्य इन्धन खर्च | ६५००।०० |
| २.०८.१ | सदस्यता शुल्क | १०,०००।०० |
| २.०८.२ | आर्थिक सहायता | १,०००।०० |
| २.०८.३ | पूरुस्कार | १,०००।०० |
| २.०८.४ | नगरपरिषद संन्चालन | ३५,०००।०० |
| २.०८.५ | विविध | ५५,०००।०० |
| **जम्मा रु** | | **६३,१००,०००।००** |

**निर्णय नं. ५**

यस दशरथचन्द नगरपालिका बैतडीलाई अर्थमंन्त्रालयबाट प्राप्त ब.शि.नं. ३६५८०३ को नगरपालिका अनुदान ८२,६०,०००।०० (बयासीलाख साठी हजार) र संघियमामिला तथा स्थानिय विकास मंन्त्रालयबाट प्राप्त ब.शि.नं. ३५६८१७३ को ४५,०२,०००।०० (पैतालिसलाख दुई हजार मात्र) गरी जम्मा रु. १,२७,६२,०००।०० (एक करोड सत्ताइस लाख छब्बिस हजार) को स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १४ बमोजिम आयोजना व्यवस्थापन सेवा सम्बन्धि खर्च रु. ३,८२,६८०।०० (तीनलाख

वयालीस हजार छ सय अस्सी) छुट्याई सोही कार्यविधिको दफा ८ (क) बमोजिम विनियोजन गर्ने निर्णय गरिएकोमा चालू आव. ०७१/७२ मा यस दशरथचन्द नगरपालिका बैतडीलाई अर्थमंन्त्रालयबाट प्राप्त ब.शि.नं. ३६५८०३ को नगरपालिका अनुदान ३०,००,००० तिस लाख र संघियमामिला तथा स्थानिय विकास मंन्त्रालयबाट प्राप्त ब.शि.नं. ३५६८१७३ को ३५,१०,०००।०० पैतिस लाख दश हजार) जम्मा आन्तरीक श्रोत प्राप्त हूने समेत री जम्मा अनूमान गरिएको रु २५००००० बाट चालू तर्फ १५ लाख र पूतीजत तर्फ रु. १० लाख गरी जम्मा रु. ७५,१०,०००।०० पच्हत्तर लाख दश हजार मात्र प्राप्त भएकाले स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १४ बमोजिम आयोजना व्यवस्थापन सेवा सम्बन्धि खर्च रु. २,२५,३००।०० दूई लाख पच्चिस हजार तिन सय मात्र छुट्याई सोही कार्यविधिको दफा ८ (क) बमोजिम देहायका क्षेत्रमा सम्पूरक कोषकालागी विनियोजन गर्ने निर्णय गरियो ।

**कुल बजेट** ७२८४७००।००

***सम्पुरककोष***

| | | |
|---|---|---|
| जगेडाकोष | | ३,०००,०००।०० |
| सडक बोर्ड नेपाल | | २००,०००।०० |
| दैविप्रकोप उद्धारकोष | | ५०,०००।०० |
| मर्मत सुधारकोष | | १५०,०००।०० |
| सरकारी निजी साझेदारी कोष | | ५०,०००।०० |
| जिविस साझेदारी कोष | | ५०,०००।०० |
| फोहरमैला व्यवस्थापन | | ७२५,०००।०० |
| साना शहरी खा.पा.यो. | | ७५०,०००।०० |
| | जम्मा: | **४,९७५,०००।००** |
| **जम्मा बाकी रहेको रकम** | | **२३०९७००।००** |

| | |
|---|---|
| ***लक्षित वर्ग कार्यक्रम ३५ प्रतिशत*** | ८०८३९५।०० |
| **क) महिला तर्फ** | २३०९७०।०० |
| **ख) वालबालिका तर्फ** | २३०९७०।०० |
| ग) **अन्य तर्फ** | ३४६४५५।०० |
| **जम्मा बाकी बजेट रु** | १५०१३०५।०० |
| *१.भौतिक तथा सामाजिक पूर्वाधार तर्फ* | ९००७८३।०० |
| २. प्रवद्धनात्मक कार्यक्रम | ६००५२२।०० |

**निर्णय नं. ६**

चाालू आ.व.मा प्राप्त अख्तियारी अनूसार सातौ नगर परिषदबाट आ.व. ०७१।७२का लागी स्वीकृत बजेट तथा कार्यक्रम बाट लक्षित वर्ग तर्फको विनियोजन गरिएको बजेट रकम ५० पचास प्रतिशत घटी आएकोले स्वीकृत सबै आयोजनाहरुको बजेट समेत सोही अनूपातमा घटाई योजना सम्झौता गर्ने निणर्य गरियो ।

**निर्णय नं. ७**

सातौ नगर परिषदको **निर्णय नं ४५ बाट** आ.व. ०७१।७२का अन्य भौतिक तथा सामाजिक पुर्वाधार तर्फ स्वीकृत योजनाहरुको रकम समेत ५० पचास प्रतिशत घटी आएकोले स्वीकृत सबै आयोजनाहरुको बजेट समेत सोही अनूपातमा घटाई योजना सम्भौता गरी सन्चालन गर्ने निणर्य गरियो ।

**निर्णय नं. ८**

सातौ नगर परिषदबाट विनियोजन हून बाकी *भौतिक तथा सामाजिक पूर्वाधार तर्फको* प्रवद्धनात्मक कार्यक्रम स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १२ वमोजिम विनियोजन हुन आउने प्रवद्धनात्मक क्षेत्रको जम्मा रकम रु. ६००५२२ ( छ लाख पाच सय बाईस मात्र) तपशिल वमोजिमक कार्यविधिले तोकेको क्षेत्रमा खर्च गर्ने निणर्य गरियो।

**२. प्रवद्धनात्मक कार्यक्रम रु ६००५२२**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम रु. |
|---|---|---|
| १ | वजेट तथा निति पुस्तिका प्रकाशन | ५०,०००।०० |
| २ | संचार तथा विज्ञापन सूचना | ५०,०००।०० |
| ३ | राजश्व अभिबृद्धी कार्यक्रम व्यवस्थापन | २५,०००।०० |
| ४ | वातावरण मैत्री स्थानीय शासन सम्बन्धि अभिमूखीकरण | २०,०००।०० |
| ५ | फोहर मैला सम्बन्धि चेतनामुलक कार्यक्रम | २०,०००।०० |
| ७ | घर नक्शा पास सम्बन्धि डकर्मीहरुको तालिम | २०,०००।०० |
| ८ | उपभोक्ता समिति शशक्तिकरण कार्यक्रम | २५,०००।०० |
| ९ | एच.आई.भी.एड्स चेतना मुलक कार्यक्रम | ८,०००।०० |
| १० | बजार क्षेत्र अनूगमन (मासू र खाद्यपसल) | ५,०००।०० |
| ११ | दशरथचन्द स्मृती प्रतिष्ठान कार्यक्रम | २५,०००।०० |
| १२ | विभिन्न सभा समारोह | २५,०००।०० |
| १३ | क्षेत्रिय अध्ययनकेन्द्र सदस्यता शूल्क | १५,०००।०० |
| १४ | कला सहित्य तथा संस्कृती कार्यक्रम विविध | १५,०००।०० |
| १५ | कर्मचारी पदपूती समिति बैठक तथा अन्य खर्च | २०,०००।०० |
| १६ | न.पा. कर्मचारी एसोसिएन | १५,०००।०० |
| १७ | कर्मचारी आचार सहिता र कर्मचारी कार्यविवरण कर्मचारी कल्याण कोष विनिमावली तथा निर्देशिका परिमार्जन निमार्ण | ३५,०००।०० |
| १८ | महिला स्वास्थ्य स्वयमसेविकाहरुकोलागी कोष स्थाना | ५,०००।०० |
| १९ | जनस्वाथ्य प्रवधनात्मक कार्यक्रम | २०,०००।०० |
| २० | खेलकूद क्रिकेटकालागि | २०,०००।०० |
| २१ | अनूगमन तथा मूल्याकंन | ४०,०००।०० |
| २२ | खूल्ला दिशा मूक्त तथा सरसफाई विषेश कार्यक्रम | २५,०००।०० |
| २३ | बालमैत्री शासन कार्यक्रका लागी बालकोष स्थापना | ५,०००।०० |
| २४ | कार्यालयमा रहेका सरकारी सवारी साधनको नविकरण | ११२,५२२।०० |
| | | ६००,५२२।०० |

## निर्णय नं. ९

यस दशरथचन्द नगरपालिका बैतडीलाई अर्थमंन्त्रालयबाट आ.व. ०७२/७३ मा प्राप्त हूने ब.शि.नं. ३६५८०३ को नगरपालिका अनुदान ८२,६०,०००।०० (बयासीलाख साठी हजार) र संघियमामिला तथा स्थानिय विकास मंन्त्रालयबाट प्राप्त ब.शि.नं. ३५६८१७३ को ४५,०२,०००।०० (पैतालिसलाख दुई हजार मात्र) र आन्तरीक श्रोत प्राप्त हून अनूमान गरिएको रु २५००००० बाट चालू तर्फ १५ लाख र पूजीजत तर्फ रु. १० लाख गरी जम्मा रु. १,३७,६२,०००।०० (एक करोड सैत्तिस लाख वासठी हजार) को स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १४ बमोजिम आयोजना व्यवस्थापन सेवा सम्बन्धि खर्च रु. ४,१२,६८०।०० (चार लाख बाह्र हजार छ सय अस्सी) छुट्टयाई बाकी रहेको रकम रु. १३३४९१४०।०० सोही कार्यविधिको दफा ८ (क) बमोजिम विनियोजन गर्ने निर्णय गरियो।

| *सम्पुरककोषकालागि विनियोजन गरिएको रुकम रु. ७,६५०,०००।००* | | |
|---|---|---|
| १ | जगेडाकोष | ४,०००,०००।०० |
| २ | नगर विकास कोष | ५०,०००।०० |
| ३ | सडक बोर्ड नेपाल | २००,०००।०० |
| ४ | दैविप्रकोप उद्धारकोष | ५०,०००।०० |
| ५ | मर्मत सुधारकोष | २००,०००।०० |
| ६ | सरकारी निजी साझेदारी कोष | ५०,०००।०० |
| ७ | जिविस साझेदारी कोष | ५०,०००।०० |
| ८ | फोहरमैला व्यवस्थापन | १,५५०,०००।०० |
| ९ | साना शहरी खा.पा.यो. | १,५००,०००।०० |
| | | **७,६५०,०००।००** |

**बाकी कुल बजेट रु. ५६९९१४०।००**

*लक्षित वर्ग कार्यक्रम ३५%* १९९४६९९।००

| | |
|---|---|
| **क) महिला तर्फ १०%** | **५६९९१४।००** |
| १.पुर्वाधार विकास | ३४१९४८।४० |
| २.प्रवद्धनात्मक कार्यकम | २२७९६५।६० |
| **ख) वालबालिका तर्फ १०%** | **५६९९१४।००** |
| १.पुर्वाधार विकास | ३४१९४८।४० |
| २.प्रवद्धनात्मक कार्यकम | २२७९६५।६० |
| ग) **अन्य तर्फ १५%** | **८५४८७१।००** |
| १.पुर्वाधार विकास | ५१२९२२।६० |
| २.प्रवद्धनात्मक कार्यकम | ३४१९४८।४० |

**जम्मा बाकी भौतिक निमार्ण तर्फ बजेट रु ३७०४४४१।००**

*१.भौतिक तथा सामाजिक पूर्वाधार तर्फ रु.* २२२२६६४।६०
२. प्रवद्धनात्मक कार्यकम रु. १४८१७७६।४०

## निर्णय नं. १०

आ.ब. २०७२/७३मा *भौतिक तथा सामाजिक पूर्वाधार तर्फ विनियोजन गरिएको रकम रु.* **२२२२६६४।६०** नगरस्तरिय योजना तर्जुमा समितिबाटछनौट भई नगरपरिषदमा पेश गरिएका देहाय बमोजिमका योजनाहरुमा देहाय बमोजिमको रकम विनियोजन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

| **क ) भौतिक तथा सामाजिक पूर्वाधार तर्फका योजनाहरुको जम्मा रु.** | | **२२२२६६४।६०** |
|---|---|---|
| ***वडा नं.*** | ***योजनाको नाम*** | ***विनियोजित रकम रु.*** |
| वडा नं. १ | टकौरा बोडिड. स्कूलबाट गढी सम्म पि.सि.सि. बाटो निर्माण | ५६९९१।०० |
| वडा नं. १ | चूलेसेरा देखि बबेत सम्मको बाटो निर्माण | ५६९९१।०० |
| वडा नं. १ | ईश्वरीगंगा जाने बाटो | ५६९९२।०० |
| वडा नं. २ | बिनाशौ देखि डोबरा स्कूल जाने तल्लो र मल्लो बाटो पि.सि.सि. निर्माण क्रमागत | ५६९९१।०० |
| वडा नं. २ | जगन्नाथ प्रा.बि. पिपल चौतारा देखि बूढीखोला हूदै माडाला सम्मको पि.सि.सि. बाटो निर्माण | ५६९९१।०० |
| वडा नं. २ | दूर्गा मन्दिर ताम्रपत्र निर्माण | ५६९९२।०० |
| वडा नं. ३ | फाल्टा चामला खानेपानी निर्माण सपराली | ८५४८७।०० |
| वडा नं. ३ | पिपलचौडाला पोखरीमा पानी पोखरी निर्माण | ८५४८७।०० |
| वडा नं. ४ | पल्लाचचौडाली देखि कूमाली हूदै त्रिपूरा जाने बाटो पि.सि.सि.निर्माण | १७०९७४।०० |
| वडा नं ५ | दशरथचन्द खानेपानी व्यवस्थापन तथा पाईप लाईन मर्मत | १७०९७४।०० |
| वडा नं. ६ | निरपाल नि.मा.बि. घेर प्रखाल निर्माण | ८५४८७।०० |
| वडा नं. ६ | झिमकोईला (बी) खानेपानी जेवाली ममैत | ८५४८७।०० |
| वडा नं ७ | महेशपूर देखि सूकूट्टी सम्मको सडक निर्माण | १७०९७४।०० |
| वडा नं.८ | सूल्लेखान देखि भरतरबाटा सम्मको पि.सि.सि. बाटो निर्माण | ८५४८७।०० |
| वडा नं.८ | खाण देखि उ.मा.बि. सम्म पि.सि.सि. बाटो निर्माण | ८५४८७।०० |
| वडा नं ९ | चौराहा बजार देखि मौनीगाउ हूदै सौणूवा नोला सम्म पि.सि.सि. बाटो | ८५४८७।०० |
| वडा नं ९ | डूगरा नोला देखि मन्दिर सम्म पि.सि.सि. बाटो निर्माण | ८५४८७।०० |
| वडा नं १० | भाटाला हाडासौ देखि उ.मा.बि. सम्म पि.सि.सि. बाटो निर्माण | ८५४८७।०० |
| वडा नं १० | सतपालि सवारी बाटो पूल निर्माण | ८५४८७।०० |
| वडा नं.११ | नार्गाजून कालोपाट देखि पिपलथला मन्दिर सम्म जाने पि.सि.सि. बाटो | ५६९९१।०० |
